# त्रियुगा नगरपालिकाको बाल क्लब गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८३

## त्रियुगा नगरपालिका उदयपुर

कोशी प्रदेश, नेपाल

मिति २०८३/२/२९ गते ६२औं नगर कार्यपालिकाको निर्णय नं. ९९९बाट पारित गरे बमोजिम

कुमार प्रसाद कोइराला

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# त्रियुगा नगरपालिकाको बाल क्लब गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८३

प्रस्तावना: बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ को अवधारणा, नेपालको संविधानको धारा ३९ मा भएको बालबालिकाको मौलिक हकको व्यवस्था, नेपालको बाल बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको पक्षमा नीतिगत तथा कानुनी प्रावधान राखी बाल अधिकारको समग्र पक्षको वकालत गरेको छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बाल अधिकारको चार आयाम (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गर्न बालमैत्री स्थानीय शासन कार्यान्वयनमा जोड दिएको छ।

बाल अधिकारको अभ्यास गर्न, लोकतान्त्रिक मूल्यको प्रवर्द्धन गर्न, सुशासनको पूर्वाधार तयार गर्न, नेतृत्वको विकास र सशक्तिकरण गर्न, बाल अधिकारको सम्मान गर्न, समावेशीकरणको प्रवर्द्धन गर्न, विकासमा बालमैत्री पद्धतिको अवलम्वन गर्न, जीवनोपयोगी सीप तथा स्व संरक्षण प्रवर्द्धन गर्ने सवालमा बाल अधिकारको एउटा पाटो बाल सहभागिता अर्थपूर्ण बनाउने सवालमा बाल क्लब तथा बाल क्लब सञ्जालको गठन, सञ्चालन र व्यवस्थापनमा एकरूपता ल्याउन, परिचालन गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १० को संस्था खोल्ने र शान्तिपूर्वक भेला हुन पाउने अधिकारलाई संस्थागत गर्न वाञ्छनीय भएकाले,

त्रियुगा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम त्रियुगा नगरपालिकाको बाल क्लब गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ रहेको छ।

(२) यो कार्यविधि त्रियुगा नगर कार्यपालिकाले पारित गरेपछि लागू हुनेछ।

२. परिभाषा: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “बालबालिका” भन्नाले १८ वर्ष ननाघेका व्यक्तिलाई सम्झनुपर्दछ।

(ख) "बाल क्लब" भन्नाले त्रियुगा नगरपालिकाको समुदाय र विद्यालय (सार्वजनिक र संस्थागत) मा रहेका १० वर्ष देखि १८ वर्ष उमेर समूहका बालबालिकाहरू संगठीत भई त्रियुगा नगरपालिकामा दर्ता भएका बाल क्लबलाई सम्झनुपर्छ।

प्रमुख प्रशासकीय अधिकृत

(ग) "वडा बाल क्लब सञ्जाल" भन्नाले नगरपालिकाका सम्वन्धित वडामा रहेका समुदाय र विद्यालय स्तरीय बाल क्लबको कार्यसमितिको भेलाले चयन गरेको दफा ६ को (२) बमोजिम गठीत सञ्जाललाई सम्झनुपर्छ।

(घ) "नगर बाल क्लब सञ्जाल" भन्नाले नगरपालिकाभित्रका वडा बाल क्लब सञ्जालका कार्य समितिको भेलाबाट दफा ७ को (२) बमोजिम गठित सञ्जाललाई सम्झनु पर्छ।

(ङ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ।

(च) "कार्यविधि" भन्नाले त्रियुगा नगरपालिकाले बालबालिकाको हक अधिकार स्थापित गर्न तयार गरेको बाल क्लब गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ लाई सम्झनुपर्छ।

(छ) "नगरपालिका" भन्नाले त्रियुगा नगरपालिका, गाईघाटलाई सम्झनु पर्छ।

(ज) "शाखा" भन्नाले त्रियुगा नगरपालिकामा रहेको सामाजिक विकास शाखालाई सम्झनुपर्छ।

३. बाल क्लब, वड़ा तथा नगर सञ्जाल: (१) विद्यालय स्तरीय र सामुदायिक गरी दुई प्रकारका बाल क्लबहरु गठन गरिने छन्।

(२) प्रत्येक टोल तथा समुदाय स्तरमा एक बाल क्लब गठन गरिनेछ जसलाई सामुदायिक बाल क्लब भनिनेछ।

(३) प्रत्येक विद्यालयमा एक बाल क्लव गठन गरिनेछ जसलाई विद्यालय स्तरीय बाल क्लब भनिनेछ।

(४) उपदफा (२) र (३) बमोजिम नगरपालिकामा दर्ता भएका बाल क्लबका कार्य समितिको भेलाबाट वडा बाल सञ्जाल गठन गरिनेछ।

(५) उपदफा (४) बमोजिम गठित वडा बाल सञ्जालका कार्यसमितिको भेलाबाट नगर बाल क्लब सञ्जालको गठन गरिनेछ।

(६ ) वडा बाल क्लब संजालको संरक्षक सम्बन्धित वडाको वडा अध्यक्ष तथा नगर बाल सञ्जालको संरक्षक नगरपालिका नगर प्रमुख रहनेछन्।

४. बालक्लव कार्य समिति गठन विधि: (१) १० वर्ष उमेर पुरा भई १८ वर्ष उमेर ननाघेका बालबालिकाको सहभागितामा प्रत्येक टोल र विद्यालयमा एक बाल क्लब गठन गरी त्रियुगा नगरपालिकाको कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(२) सामुदायिक बाल क्लब टोलमा बसोबास भएका कम्तीमा २० जना बालबालिकाहरुको सहभागितामा गठन गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

(३) विद्यालय स्तरिय बाल क्लब विद्यालयमा अध्ययनरत कम्तीमा ५० जना बालबालिकाहरुको सहभागितामा गठन गर्न सकिनेछ।

(४) सामुदायिक बाल क्लवको कार्यसमितिमा १अध्यक्ष, १ उपाध्यक्ष, १सचिव, १ सहसचिव, १ कोषाध्यक्ष र ४ जना सदस्य निर्वाचित र २ जना क्षेत्र, लिङ्ग, प्रतिभा, दलित, अपाङ्गता भएका, विपन्न तथा विभिन्न खाले कठिन परिस्थितिलाई आधारमानी निर्वाचित कार्यसमितिले मनोनयन गरी ११ सदस्य रहनेछन्। मुख्य पदमा र जम्मा सदस्यमा कम्तिमा ४० प्रतिशत बालिका अनिवार्य हुनु पर्नेछ।

(५) विद्यालय स्तरीय बाल क्लवको कार्यसमितिमा १ अध्यक्ष, १ उपाध्यक्ष, १ सचिव, १ सहसचिव, १ कोषाध्यक्ष र कम्तिमा ७ जना सदस्य निर्वाचित र ३ जना भूगोल, लिङ्ग, प्रतिभा, दलित, अपाङ्गता भएका, विपन्न तथा विभिन्न खाले कठिन परिस्थितिलाई आधार मानी निर्वाचित कार्यसमितिले मनोनयन गरी न्यूनतम १५ सदस्य र बढीमा २५ सदस्य रहनेछन्। मुख्य पदमा र जम्मा सदस्यमा कम्तिमा ४० प्रतिशत बालिका अनिवार्य हुनु पर्नेछ।

(६) उपदफा (४) र (५) बमोजिम गठित कार्य समितिको पदावधि २ वर्षको हुनेछ।

(७) बाल क्लबको कार्य समिति बैठकले निर्णय गरी आफ्नो कार्यलाई थप व्यवस्थित बनाउन उपसमितिहरु र सल्लाहकार समिति मनोनयन गर्न सकिने छ।

(८) उपदफा (७) बमोजिम सल्लाहकार समिति चयन गर्दा बाल क्लबका पूर्व पदाधिकारीहरू तथा बाल क्लबको हित चाहने शिक्षक, स्वास्थ्यकर्मी, बालबालिकाको क्षेत्रमा कार्य गर्ने सरकारी र बालबालिकाको हितमा काम गर्ने गैर सरकारी संस्थाका प्रतिनिधि, समाजसेवी कार्य समितिको पदावधि सम्मका लागि ५ जनाको उपसमिति मनोनयन गर्न सकिनेछ।

(९) सम्वन्धित विद्यालयको बालमैत्री सम्पर्क शिक्षक वा प्रध्यानाध्यापक वा टोल विकास संस्था एवम् अभिभावकले बालबालिकाहरूलाई परामर्श दिंदा विद्यालयमा वा समुदायमा त्यस अघि नै अन्य बालक्लवहरू कार्यबिधि बमोजिम गठन भई क्रियाशिल भएको खण्डमा अर्को बाल क्लब गठन गर्न अभिप्रेरित गर्न पाउने छैन। यसरी कुनै एउटा विद्यालय वा टोल विकास संस्था भित्र एउटा बाल क्लव कार्यरत हुँदाहुँदै अर्को बाल क्लव गठन गरेमा वा गरेको पाइएमा त्यस्ता बाल क्लबलाई दर्ता गर्न बाध्य हुने छैन।

(१०) यो कार्यविधि लागू हुनु पूर्वदेखि कार्यान्वयनमा रहेका बाल क्लबलाई यसै कार्यविधि अनुरूप दर्ता गर्नु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

५. बाल क्लबले गर्ने कार्यहरू (१) बाल क्लबले गर्ने कार्यहरू देहाय बमोजिम रहनेछन ;-

(क) बालबालिकामा सामूहिक भावना, नेतृत्व गर्ने क्षमता र आत्मविश्वास विकास गर्ने,

(ख) बाल अधिकारको प्रत्याभूति र बाल संरक्षणका लागि अभिभावक र जिम्मेवार निकायमा सकारात्मक दबाब सिर्जना गर्ने,

(ग) बालबालिकामा समुदाय, समाज र देशप्रतिको जिम्मेवारी बोध गराउने,

(घ) परम्परागत कुरीतिहरूको अन्त्य गर्न विभिन्न सचेतनामूलक, दबाबमूलक गतिविधिहरू गर्ने,

(ङ) बालबालिकालाई योजना बनाएर अगाडि बढ्ने र कठिनाइबाट सिक्ने अभ्यास गराउने,

(च) बालबालिकामा सहयोगी, सिर्जनात्मक र स्वस्थ्य प्रतिस्पर्धात्मक भावनाको विकास गर्न विभिन्न क्रियाकलाप सञ्चालन गर्ने,

(छ) बाल अधिकारप्रति सचेत भई उनीहरुको चौतर्फी विकासका लागि सरोकारवालाहरूसँग मिलेर काम गर्ने बानी बसाउने वातावरण सृजना गर्ने।

(ज) अभिभावक, शिक्षक र विद्यार्थी बीच सुमधुर सम्वन्ध विकास गरी परिवार, समुदाय र विद्यालयमा भयरहित वातावरण सृजना गर्ने।

(झ) जातीय विभेद, कुप्रथा, बालविवाह, बाल यौन दूर्व्यवहार, बालश्रम, अपाङ्गता भएका व्यक्तिहरुको विभेदलाई निषेध गर्ने र असल अभ्यास, व्यवहार, संस्कारको विकासको लागि सामाजिक अभियान सञ्चालन गर्ने।

(ञ) प्रविधिको अधिकतम सदुपयोग गर्न र प्रविधिको दुरुपयोगलाई निरुत्साहित गर्ने।

(ट) विभिन्न प्रकारका दुर्व्यसन र कुलतहरूबाट बचाई स्वयं परिवार, समाज र राष्ट्रप्रति कर्तव्यनिष्ठ बनाउने।

(ठ) वडा संजाल, वडा कार्यालय, नगर संजाल र शाखाको निर्देशन बमोजिमको कामकाज गर्ने।

६. वडा बाल क्लब सञ्जाल: (१) नगरपालिकाको कुनै वडामा दुई भन्दा बढी बाल क्लब रहेको अवस्थामा वडा बाल क्लब सञ्जाल गठन गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

(२) उपदफा (१) बमोजिमको वडा बालक्लव सञ्जालमा वडाको क्षेत्रभित्र सञ्चालित विद्यालयमा वा समुदायमा गठन भई दर्ता भएका बालक्लबहरुका कार्य समिति सदस्यहरूको भेलाबाट लोकतान्त्रिक प्रक्रियाबाट अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १ र सदस्यहरू रहने गरी जम्मा ९ देखि २१ जना सम्मको वडा सञ्जाल निर्माण गर्न सकिनेछ।

(३) वडा सञ्जाल निमार्णका लागि बालक्लबका कार्य समिति सदस्यहरूको भेला बोलाउने र सहजीकरण गर्ने काम शाखाको समन्वयमा वडा कार्यालयले गर्नेछ।

(४) उपदफा (२) बमोजिम गठित वडा बाल क्लब सञ्जालको काम कर्तव्य र अधिकारहरू देहाय बमोजिम र आवश्यकता अनुसार वडा कार्यालय र शाखाले तोके बमोजिम हुनेछ।

(क) वडाभित्रका बालक्लबहरुलाई सङ्गठित गरी बालक्लबका क्रियाकलापहरु सञ्चालन गर्न सहयोग जुटाउने र समन्वय गर्ने।

(ख) वडाभित्रका बालक्लबहरुको गतिविधिहरुको अनुगमन तथा मूल्याङ्कन गर्दै बालक्लबहरुलाई क्रियाशील बनाई राख्ने,

(ग) बालबालिकामाथि हुने सामाजिक दुर्व्यवहार, भेदभाव जस्ता बाल अधिकार हननका घटनाविरुद्ध आवश्यक पहल र पैरवी गर्ने।

(घ) आफ्नो कार्यक्षेत्रमा सञ्चालन भएका विद्यालय भर्ना, जन्म दर्ता, बालमैत्री अभियानहरूमा सहभागी हुने/गराउने।

(ङ) आफ्नो कार्यक्षेत्रमा बालबालिकाको प्रतिनिधित्व गर्दै स्थानीय तह, संघसंस्था, उपभोक्ता समिति, विद्यालय तथा अन्य संघसंस्थामा बालबालिकाको मुद्दामा केन्द्रित भएर कार्य योजना पेस गर्ने, आवाज उठाउने र बाल सरोकारका क्षेत्रहरूमा अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्न प्रयास गर्ने।

(च) बालबालिकाका सरोकारका सूचनाहरू सङ्कलन र अभिलेखीकरण गर्ने तथा पुस्तकालय स्थापना गर्न पहल पैरवी गर्ने।

(छ) बाल क्लब तथा अन्य संघसंस्थाबीच आपसी समझदारी र समन्वयको वातावरण तयार गर्ने।

(ज) बाल बचाउ, संरक्षण, विकास र सहभागिताको अधिकार सुनिश्चित गर्न आवश्यक अन्य काम गर्ने।

(झ) वडामा नयाँ टोल वा विद्यालयमा बाल क्लब गठन र सञ्चालनमा सहयोग गर्ने।

(ञ) निकृष्ट प्रकारको बालश्रमको अन्त्य गर्ने कार्य तथा अभियानमा सहयोग गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

(ट) वडा कार्यालय, नगर बाल संजाल र शाखाको निर्देशन बमोजिमको कार्य गर्ने ।

७. नगर बाल सञ्जाल गठन विधि: (१) त्रियुगा नगरपालिकामा एक नगर बाल सञ्जाल रहने छ ।

२) नगरपालिमा भित्र रहेका वडा सञ्जालका कार्य समिति सदस्यहरूको भेलाबाट अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १ र सदस्य रहने गरी जम्मा १३ देखि २३ सदस्यीय बालबालिका नगर स्जाल निर्माण गरिनेछ ।

(३) उपदफा ९२) बमोजिम सञ्जाल निर्माण गर्न वडा बाल क्लब सञ्जालका पदाधिकारी (मुख्य पद ५ जना) भेला बोलाउने लगायतका आवश्यक सम्पूर्ण कार्यहरू शाखाले गर्नु पर्नेछ ।

(४) नगर बाल सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम र आवश्यकता अनुसार शाखाले तोके बमोजिम हुनेछ ।

(क) बाल क्लब र वडा बाल क्लब सञ्जालसँग समन्वय र सहकार्य गरि कार्य गर्ने ।

(ख) वडा बाल भेला तथा नगर बाल भेलाबाट बालबालिका सम्बन्धित योजना तयार गरी सम्वन्धित निकायमा पेश गर्ने ।

(ग) जातीय विभेद, कुप्रथा, बालबालिका ओसारपसार तथा बेचबिखन, बाल विवाह, बाल यौन दुर्व्यवहार, बालश्रम निषेध, अपाङ्गता भएका र एचआइभी एड्स प्रभावितलाई गरिने विभेदलाई निषेध गर्न र असल अभ्यास वा संस्कार संरक्षण गर्न सामाजिक अभियान सञ्चालन गर्ने ।

(घ) वडा तथा नगर स्तरमा बालबालिकाको सर्बाङ्गीण विकास तथा संरक्षणको लागि सरोकारवाला निकायसँग समन्वय गर्ने ।

ङ) नगर भित्र सञ्चालन भएका विद्यालय भर्ना, जन्म दर्ता, बालमैत्री अभियानहरूमा सहभागी हुने/गराउने ।

(च) बालक्लव सक्रिय बनाउन रचनात्मक कार्यहरु गर्ने ।

८. सदस्यता लिनुपर्ने ब्यवस्थाः (१) कुनै पनि बाल क्लबमा आबद्ध रहन बालबालिकाले बाल क्लबको सदस्यता लिन सक्नेछन् ।

(२) विद्यालयका बालबालिकाले सम्बन्धित विद्यालयमा गठन भएको बालक्लबबाट र समुदायमा रहेका बालबालिकाले आफ्नो टोलमा गठन भएको समुदायिक बाल क्लबको सदस्यता लिनुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

(३) बाल क्लबको सदस्य बन्न योग्यता पुगेका बालबालिकाले बाल क्लबको सदस्य बन्न चाहेमा सम्वन्धित बाल क्लवको अध्यक्ष वा संरक्षकसंग मौखिक वा मोबाईल म्यासेज मार्फत जानकारी गराई सदस्य बन्न सक्नेछन्।

(४) बालक्लबका सदस्यहरूले प्रत्येक वर्ष सदस्यता नवीकरण गर्नु पर्नेछ।

९. सदस्यताको लागि आवश्यक योग्यताः बालक्लब सदस्य हुनका लागि देहाय वमोजिमको योग्यता आवश्यक रहनेछ।

(क) १० बर्ष उमेर पुरा भई १८ वर्ष ननाघेको।

(ख) जन्म दर्ता भएको।

(ग) समान प्रकृतिको अर्को बाल क्लबमा आबद्द नभएको।

(घ) नियमित रुपमा नवीकरण गराएको वा गराउने गरेको।

(ङ) अनुसूची-२ बमोजिमको आचारसंहिता पालन गर्न योग्य भएको वा सहमत भएको।

१०. सदस्यता खारेजी र बचाउ: (१) बालबालिकाको उमेर १८ वर्ष पुगेपछि बाल क्लबको सदस्यबाट स्वतः हट्नेछ।

(२) बाल क्लब सदस्यको आचारसंहिता विपरीत गतिविधिमा संलग्न भएको प्रमाणित भएको सदस्यको सदस्यता खारेज हुनेछ।

(३) कुनै पनि बालबालिकाको सदस्यता रद्द वा खारेज गर्नु अगाडि सम्बन्धित बालबालिकालाई पर्याप्त सफाइको मौका प्रदान गर्नुपर्नेछ। आफ्नो सदस्यता खारेज हुने निर्णय वा प्रक्रियामा चित्त नबुझेमा त्यसको बचाउका लागि नगर बाल सञ्जालमा पुनरावेदन दिन सकिनेछ। नगर बाल सञ्जालको निर्णय अन्तिम हुनेछ।

११. मताधिकार प्रयोग गर्न तथा उम्मेदवार हुनका लागि आवश्यक योग्यता: (१) बाल क्लबको सदस्यता लिई नियमित नवीकरण गराएको।

(२) बाल क्लबको आचारसंहिता पालन गर्न योग्य भएको वा सहमत भएको।

१२. कार्य समिति निर्वाचन/चयन प्रकृया; (१) बाल क्लबका सदस्यहरू मध्येबाट सर्वसहमतिबाट कार्य समिति चयन नभएको अवस्थामा संरक्षकको उपस्थितिमा सम्वन्धित बाल क्लवले निर्वाचनका लागि तीन सदस्यीय एक निर्वाचन समितिको गठन गर्न सक्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(२) निर्वाचन समितिले निर्वाचनका लागि आवश्यक सम्पूर्ण प्रक्रिया मिलाई समिति गठन भएको २१ दिन भित्र निर्वाचनको कार्य सम्पन्न गर्नु पर्नेछ।

(३) गोप्य मतदानको माध्यमबाट बहुमत सदस्यले छानेको व्यक्ति पदाधिकारी निर्वाचित हुनेछ। यसरी निर्वाचन प्रक्रिया अपनाउँदा समेत ४० प्रतिशत बालिकाको प्रतिनिधित्व हुने सुनिश्चितता गर्नु पर्नेछ।

(४) कार्य समिति निर्माणका लागि जुनसुकै विधि अपनाउँदा पनि लगातार २ कार्यकाल अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष भई कार्यकाल पुरा गरेका पदाधिकारीलाई सो पदमा पुनः उम्मेदवार हुन पाउने छैन।

(५) एउटै पदमा समान मत प्राप्त गरेका उम्मेदवारको अन्तिम टुङ्गो गोला प्रथाबाट लगाइने छ।

(६) निर्वाचन कार्य सम्पन्न गरी शपथ ग्रहणको कार्य पुरा भएपछि निर्वाचन समितिको कार्य अवधि स्वतः समाप्त हुनेछ।

(७) निर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई अनुसूची-३ बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ।

१३. बाल क्लब दर्ता र नवीकरण: (१) बाल क्लब त्रियुगा नगरपालिकाको कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(२) बाल क्लव गठन शाखामा दर्ता गर्दा अनुसूची-४ बमोजिमको बाल क्लवको बिधान, बाल क्लव कार्य समितिको बाल क्लव दर्ता गर्ने भन्ने निर्णय, अनुसूची-५ बमोजिमको निवेदन र समुदायस्तरको बाल क्लब भए सम्वन्धित टोल विकास संस्थाको, विद्यालयस्तरको बाल क्लव भए सम्वन्धित विद्यालयको र दुवै प्रकारको बाल क्लवको सम्वन्धित वडाको सिफारिस पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन र संलग्न कागजातहरुको अध्ययन गरी एक टोल, एक समुदाय र विद्यालयमा एक भन्दा बढी बाल क्लव नरहने गरी दर्ता गरी अनुसूची-६ बमोजिमको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ।

१४. बालक्लव, वडा सञ्जाल तथा नगर बाल सञ्जालको कार्यक्षेत्र: (१) विद्यालय स्तरीय बाल क्लबको विद्यालय र विद्यार्थी रहेको समुदाय, सामुदायिक बालक्लवको सदस्यहरू रहेको क्षेत्रसम्म, वडा सञ्जालको वडाको सिमाना भित्र र नगर बाल सञ्जालको नगरपालिकाको सिमाना भित्र रहनेछ।

१५. कार्यविधि व्याख्या तथा संशोधन: नगर कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन तथा व्याख्या गर्न सक्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

१६. बचाउ: यस कार्यविधिमा लेखिए जति कुरा यसै कार्यविधि बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

दफा ८ को उपदफा (३) सँग सम्बन्धित

बाल क्लबको सदस्यता बन्न पाउन म्यासेजको नमुना

श्री संरक्षक/अध्यक्षज्यू

म ......टोल/विद्यालय ..........मा बसोबास गर्ने/कक्षा....मा पढ्ने श्री ......... बाल क्लबमा सदस्य बन्न ईच्छूक रहेको व्यहोरा अनुरोध छ।

नामः

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

अनुसूची -१

बाल क्लबको छाप तथा लोगो

त्रियुगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गाईघाट, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७३

बाल क्लबको लोगो गोलो घेराभित्र सम्बन्धित बालक्लबको नाम, ठेगाना र स्थापना साल त्यसको बीचमा बालक र बालिकाको हातमा किताब पल्टाएर बसेको छाप हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

अनुसूची-२

(दफा ९ को उपदफा (५) सँग सम्बन्धित)

**बालक्लब र बालक्लब संजालको आचार संहिता:**

१. सकेसम्म आफ्नो काम आफै गर्ने।
२. बालक्लवको जिम्मेवारी पुरा गरिरहँदा कसैप्रति पक्षपात नगर्ने।
३. सबैसंग सम्वन्ध र मित्रता राखेर काम गर्ने।
४. साथीहरूसँग खुला र स्पष्ट व्यवहार गर्ने।
५. आफ्नो क्षमता विकास गर्न आफै अगाडि बढ्ने र सक्नेजति मात्र जिम्मेवारी लिने।
६. बाल अधिकार बारे सिक्न/जान्न/प्राप्त गर्न र अरुलाई सिकाउन सधैं सचेत, सजग र सक्रिय हुने।
७. सरल जीवन उच्च विचार राख्ने।
८. हरेक प्रति सकारात्मक धारणा राख्ने।
९. कसैप्रति भेदभाव नगर्ने।
१०. गल्तीहरूलाई सुधार गरी त्यसबाट पाठ सिक्ने।
११. कठीन अवस्थाका बालबालिकाहरूप्रति विशेष व्यवहार र सक्दो सहयोग गर्ने।
१२. बयस्कलाई आदर र सानालाई माया गर्ने।
१३. अनुशासित र अध्ययनशील हुने।
१४. कुरीति, कुसंस्कार र अन्धविश्वासको पछि नलाग्ने।
१५. आफूलाई जायज लागेको विचार प्रष्ट रुपमा राखे।
१६. झूठो नबोल्ने।
१७. प्रविधिको दुरुपयोग नगर्ने, आर्थिक प्रलोभन नगर्ने।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-३

(दफा १२ को उपदफा (७) सँग सम्बन्धित)

## शपथ

म ......... आजदेखि .............बालक्लब/सञ्जालको ........पदमा चयन भएकाले बालक्लब/सञ्जालको मूल्यमान्यता एवं आचारसंहिता पालन गरी उद्देश्य पूरा गर्नको लागि सक्रिय रहनेछु। बाल अधिकार प्रवर्द्धनको लागि बालसहभागिता भन्ने मान्यता अनुसार आफू सक्षम भई समुदायमा रहेका बिभिन्न परिस्थितिका बालबालिकाहरुको सहयोग गर्नुका साथै समुदायमा बाल अधिकार प्रवर्द्धनको लागि सदा क्रियाशील रहनेछु। म आफूलाई लागू पदार्थ दूर्व्यसनबाट मुक्त राखि बालश्रम शोषण तथा बालबालिकामाथि हुने सबै खाले हिंसा र दुर्व्यवहार अन्त्यका साथै लैङ्गिक, जातीय, अपाङ्गता, धर्म, संस्कृति, सामाजिक, आर्थिक आधारमा गरिने विभेद र कुरीति अन्त्यका लागि सधैं अगाडि बढ्ने प्रण गर्दछु।

| | |
|---|---|
| शपथ लिनेको नामः | शपथ ग्रहण गराउनेको नामः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| पदः | पदः |
| मितिः | मितिः |

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-४

दफा १३ को उपदफा (२) सँग सम्बन्धित

## बाल क्लबको विधानको नमूना

**प्रस्तावना:**

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८ र १०, बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को दफा ९ तथा त्रियुगा नगरपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्यविधि, २०७९ को दफा १० बमोजिम त्रियुगा नगरपालिका वडा नं ....... स्थित ............ टोल/विद्यालयका बालबालिकाको बाल अधिकार संरक्षण र प्रर्वद्धनका लागि बाल क्लब खोल्न वाञ्छनीय भएकोले हामी बालबालिकाहरुको भेलाबाट यो विधान बनाइएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम ठेगाना र प्रारम्भ :**

क. यस बाल क्लबको नाम .......... रहनेछ ।

ख. यस बाल क्वबको ठेगाना जिल्ला उदयपुर त्रियुगा नगरपालिका श्री ..... टोल/विद्यालय ....... वडा नं .... उदयपुर रहनेछ ।

ग. यो विधान त्रियुगा नगरपालिकाबाट स्वीकृत भए पश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,-

क. "बाल क्लब" भन्नाले ........ बाल क्लब सम्झनु पर्छ ।

ख. "सदस्य" भन्नाले दफा ६ बमोजिम सदस्यता लिएको बालबालिका सम्झनु पर्छ ।

ग. "विधान" भन्नाले .... बाल क्लवको विधान सम्झनु पर्छ ।

प्रमुख प्रशासकीय अधिकृत

घ. "समिति" भन्नाले दफा ११ बमोजिमको कार्य समिति सम्झनु पर्छ ।

ङ. "बाल अधिकार समिति" भन्नाले त्रियुगा नगरपालिकाको नगर र वडा बाल अधिकार समिति सम्झनु पर्छ ।

च. "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नभएका व्यक्तिलाई सम्झनु पर्छ।

**३. बाल क्लवको सचिवालय र छाप:**

क. बाल क्लवको सचिवालय ...... मा रहनेछ ।

ख. बाल क्लबको छाप अनुसूची-१ बमोजिम हुनेछ।

## परिच्छेद-२

## बाल क्लबको उद्देश्य, काम र कर्तव्य

**४. बाल क्लबको उद्देश्य :** बाल क्लबको उदेश्य देहाय बमोजिम हुनेछः-

क. बालबालिकाको हकहित र बाल अधिकारको संरक्षण र प्रद्वर्धन गर्ने,

ख. बालबालिकाको सरोकारका बिषयमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,

ग. बाल अधिकारको प्रचारप्रसार गर्ने र बालबालिका बिरुद्धको हिंसा, दुर्व्यबहार र शोषण, बिरुद्ध सचेतना अभिवृद्धि गर्ने,

घ. बालमैत्री स्थानीय शासनका सूचकहरुबारे पैरवी गर्ने,

ङ. विद्यालय/समुदायलाई बालमैत्री बनाउन पहल गर्ने ।

**५. बाल क्लबको काम र कर्तव्य:** बाल क्लवको काम र कर्तव्य देहाय बमोजिम हुनेछ :-

क. बाल क्लवको नेतृत्व र यसका क्रियाकलापमा अधिकतम बालबालिकाले अवसर पाउने गरी कार्यक्रम संञ्चालन गर्ने,

ख. बालबालिकाको हक, हित र अधिकारको प्रबर्द्धन, सिर्जनात्मक गतिबिधि, खेलकुद तथा पठनपाठनमा सहयोग पुरने गरी कार्यक्रम संञ्चालन गर्ने,

ग. बिद्यालयको नियमित पठनपाठनमा बाधा नपर्ने गरी आफ्ना कार्यक्रम संञ्चालन गर्ने,

प्रमुख प्रशासकीय अधिकृत

घ. नगरपालिका वा विद्यालयले बनाउने कार्यक्रम तथा योजनामा बालबालिकाको तर्फबाट बाल क्लव मार्फत सामूहिक धारणा राख्ने,

ङ. बालक्लवको सदस्यता लिन वा प्रतिनिधित्व गर्न कुनै बालक वा बालिकालाई बाध्य नपार्ने,

च. बालबालिकामा देश प्रेम र देश भक्तिको भावना जागृत गराउने,

छ. नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता वा विभिन्न जातजाती, धर्म सम्प्रदायको बीचको सु-सम्बन्धमा खलल गर्ने, जातीय भेदभाव वा छुवाछुतको कार्य गर्न दुरुत्साहन गर्ने र सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने गरी कुनै कार्य नगर्ने,

ज. कुनै राजनीतिक दलसंग आवद्ध हुन वा दलीय राजनीतिक कार्यक्रममा सहभागी हुन वा सोको समर्थन र बिरोध नगर्ने,

झ. बाल क्लबको प्रभावकारी संचालन तथा कार्यहरुलाई व्यवस्थित गर्न नगरपालिका/वडा/ विद्यालय/ अभिभावक/प्रदेश बालअधिकार समिति/राष्ट्रिय बाल अधिकार परिषद्/ बालबालिका खोजतलास सेवा १०४ र बाल हेल्पलाइन १०९८ लगायत सरोकारवाला निकायसँग समन्वय गर्ने,

ञ. बालबालिकाको सर्वोत्तम हित, ज्ञानमूलक प्रतिभा प्रस्फुटन, शैक्षिक, साँस्कृतिक गतिविधि, खेलकुद,बालभेला, छलफल र अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने,

ट. विद्यालय तथा समुदायको विकासमा सदैव जागरुक भई योगदान पुऱ्याउने,

ठ. विद्यालय बाहिर रहेका बालबालिकाको विद्यालय भर्ना तथा निरन्तरताको लागि आवश्यक अभियान संचालन गर्ने र शैक्षिक क्यालेण्डरको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउने,

ड. बालमैत्री विद्यालय, बालमैत्री नगरपालिका निर्माणका लागि आवश्यक सहयोग तथा पैरवी गर्ने,

ढ. बाल अधिकारको प्रचारपसार गर्ने, बाल श्रम, बाल विवाह, बालबालिका विरुद्धको हिंसा दुर्वयवहार, शोषण भेदभाव विरुद्ध सचेतना जगाउने,

ण. बालबालिकालाई कुलत, दुर्व्यसन, भेदभाव र खराब आचरणबाट जोगाउने र बालबालिकाको समस्या पहिचान गरी समाधानका लागि सम्बन्धित निकायमा पुऱ्याउन सहजीकरण गर्ने,

त. बालबालिकाको बालमैत्री आचार संहिता पूर्णरुपमा पालना गर्ने,

थ. तोकिएका अन्य काम कर्तव्यको पालना गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद -३

## सदस्यता सम्बन्धी व्यवस्था

**६. बाल क्लबको सदस्यता:** (१) विद्यालय/समुदायमा रहेका १० वर्ष पुरा भई १८ वर्ष उमेर पुरा नभएका बालबालिका यस बाल क्लबमा सदस्य रहनेछन।

**७. सदस्यको योग्यता :**

(१) यस बाल क्लबमा देहाय बमोजिमका बालबालिका सदस्य हुन पाउने छन :-

क. १८ वर्ष ननाघेको।

ख. बाल क्लबको विद्यान प्रति प्रतिवद्ध रहेको।

ग. इमान्दार, नैतिकवान, कर्तव्य प्रति सजग र सदाचारी रहेको।

(२) बाल क्लव गठन गर्दा समावेशी सिद्धान्तको आधारमा गठन गरिनेछ।

(३) बाल क्लवको सदस्य हुन इच्छुक बालबालिकाले आफ्नो जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि सहित बाल क्लबको सदस्यताको लागि निवेदन दिन सक्नेछन्।

(४) विद्यालयमा अध्ययनरत बालबालिका स्थानीय वडा बाहेक अन्य वडा /पालिका वा जिल्लाको भए पनि सदस्य हुन सक्नेछन्।

**८. सदस्यता खारेजी:**

(१) देहायको अवस्थामा बाल क्लबमा रहेका सदस्यको सदस्यता खारेज हुनेछः-

क. निजको उमेर १८ वर्ष उमेर पूरा भएमा।

ख. विधान विपरित कार्य गरेमा क्लबको बैठकको दुई तिहाई बहुमतले हटाएमा।

ग. विना सूचना समितिको ३ वटा बैठकमा लगातार अनुपस्थित भएमा।

घ. निजले कार्यसमिति समक्ष राजीनामा दिएमा।

ङ. पढाईको सिलसिलाका लागि विद्यालय छोडि अन्यत्र पढ्न गएमा।

(२) अध्यक्षको हकमा कार्यसमिति समक्ष र सदस्यको हकमा अध्यक्ष समक्ष राजीनामा दिनुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## परिच्छेद -४

## साधारणसभा सम्बन्धी व्यवस्था

विदुरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बट्टार, नुवाकोट बागमती प्रदेश, नेपाल २०७३

९. साधारण सभा :

क. बाल क्वबको सदस्य हुन योग्य बालबालिकाहरुको समावेशीको आधारमा बाल क्लब गठन हुनेछ र उनीहरु बाल क्लबको साधारण सदस्य रहनेछ। साधारण सदस्यको गणपूरक संख्या ५१ प्रतिशत मानिनेछ।

ख. बाल क्लबको साधारण सभा वर्षको एक पटक बस्नेछ।

ग. साधारण सभाको सूचना प्रत्येक सदस्यलाई ७ दिन अगावै सचिवले दिनु पर्नेछ।

घ. आवश्यक परेमा अध्यक्षले विशेष साधारण सभा बोलाउन सक्नेछ।

ङ. हरेक साधारण सभामा आगामी एक वर्षको लागि बाल क्लबको कार्य समितिका पदाधिकारीको चयन गरिनेछ।

च. साधारण सभामा बाल क्लबको वार्षिक कार्य प्रगति प्रतिवेदन र वार्षिक कार्ययोजना सम्बन्धी प्रस्तावहरु निर्णयार्थ अध्यक्षले पेश गर्नेछ।

छ. क्लबका साधारण सदस्यहरुको एकाउन्न प्रतिशत उपस्थितिलाई साधारण सभाको गणपुरक संख्या मानिनेछ।

ज. विद्यालय/वडा/नगरपालिका एवं सरोकारवालाले सधारण सभा आयोजना र सञ्चालनका लागि आवश्यक समन्वय, सहयोग तथा सहजीकरण गर्न सक्नेछ।

१०. साधारण सभाको काम कर्तव्य अधिकार :

क. साधारण सभामा प्रस्तुत भएका विषयहरुमा छलफल गराई निर्णय गर्ने,

ख. कार्य समितिले पेश गरेको आगमी योजना तथा कार्यकमहरु पारित गर्ने,

ग. बालक्लवको गतिविधी समिक्षा गर्ने र नीति निर्देशन तयार गर्ने,

घ. विधान बमोजिम निर्वाचन गर्ने,

ङ. कार्यसमितिबाट पेश भएको विधान संशोधन/नियम संशोधन तथा नियम स्वीकृत गर्ने,

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

च. तोकिएका अन्य कार्य गर्ने।

त्रियुगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाईघाट, उदयपुर कोशी प्रदेश, नेपाल २०७३

## परिच्छेद ५

## कार्य समिति गठन प्रक्रिया

११. बाल क्लबको कार्य समिति गठन:

(१) समावेशी सिद्धान्तको आधारमा प्रतिनिधित्व हुने गरी बाल क्लवको कार्यसमिति गठन गरिनेछ।

(२) कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारीमा बाल क्लबको साधारण सभाबाट चयन हुनेछन :-

क. अध्यक्ष - १ जना

ख. उपाध्यक्ष- १ जना

ग. सचिव – १ जना

घ. सह- सचिव – १ जना

ङ. कोषाध्यक्ष – १ जना

च. सदस्य – ४ देखि २० जना

(३) उपदफा (२) बमोजिमको समितिमा मुख्य पदमा कम्तिमा २ बालिका सहित ५० प्रतिशत बालिकाको सहभागिता अनिवार्य हुनेछ।

(४) उपदफा २ बमोजिम गठन गरिने कार्यसमिति पदाधिकारीको उमेर १० पुरा भई १७ वर्ष ननाघेको हुनुपर्नेछ।

(५) सदस्यको पदावधि: (१) कार्य समितिको सदस्यको पदावधि चयन भएको मितिले २ वर्षको हुनेछ।

(६) दफा ११ बमोजिम कुनै पदाधिकारीको पद रिक्त भएमा बाँकी अवधिका लागि बाल क्लबको कार्यसमितिले रिक्त पदाधिकारीको सर्वसम्मत चयन गर्नेछ।

१२. सल्लाहकार :

(१) बाल क्लबको निवर्तमान अध्यक्ष र साधारणसभाको २ जना सदस्य सहित ३ सल्लाहकार हुनेछ।

१३. संरक्षक र सम्पर्क शिक्षक :

(१) प्रधानाध्यापक बाल क्लबको संरक्षक र निजले तोकेको शिक्षक सम्पर्क शिक्षक हुनेछ।

(२) बाल क्लबको सम्पूर्ण अभिभावकत्व संरक्षकले गर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## परिच्छेद-६

## बाल क्लबका कार्य समिति तथा पदाधिकारीको काम, कर्तव्य र अधिकार

१४. कार्य समिति तथा पदाधिकारीको काम, कर्तव्य र अधिकारः कार्य समिति तथा पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) कार्य समितिको काम कर्तव्य र अधिकार :

क. बाल क्लबको आगामी वर्षको वार्षिक कार्यक्रम तथा गतिविधिहरु तयार गरी साधारणसभामा प्रस्तुत गर्ने,

ख. विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने/गराउने,

ग. साधारणसभा प्रति उत्तरदायी रहने,

घ. बाल क्लबको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन स्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने,

ङ. बाल क्वबको कार्य सम्पादन गर्न कार्ययोजना बनाउने/श्रोत जुटाउने /कार्यान्वयन सुपरीवेक्षण र अनुगमन गर्ने,

च. बाल क्लबको कागजात चल/अचल सम्पतिको सम्पत्तिको संरक्षण गर्ने,

छ. नगरपालिका तथा वडा कार्यालय र सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गर्ने र बाल क्लबको उदेश्य बमोजिमका कार्यक्रम संचालन गर्ने,

ज. प्रगति विवरण तयार पारी विद्यालय/वडा तथा नगरमा पेश गर्ने।

(२) पदाधिकारीहरुको काम कर्तव्य र अधिकार :

क. अध्यक्षको काम, कर्तव्य र अधिकारः

१. बाल क्लबको बैठक र साधारण सभाको अध्यक्षता गर्ने,

२. बाल क्बलको बैठक र साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने,

३. बाल क्लबको निर्णय, वडा बाल अधिकार समिति र नगर बाल अधिकार समितिको निर्देशन कार्यान्वयन गर्ने गराउने,

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

४. बाल क्लबको तर्फबाट कुनै कार्यक्रममा सहभागी हुनुपर्ने भएमा क्लबको प्रतिनिधित्व गर्ने वा प्रतिनिधि चयन गरी पठाउने,

५. उपाध्यक्ष र अन्य पदाधिकारीलाई कार्य विभाजन गर्ने,

६. आफ्नो अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्ष नभएमा कार्यसमिति मध्येबाट वरिष्ठ सदस्यलाई कार्यबाहक अध्यक्ष तोक्ने,

७. बाल अधिकार समितिहरु, राष्ट्रिय बाल अधिकार परिषद्, अन्य बाल क्लब, बाल हेल्पलाईन १०९८, बाल अधिकार परिषद बालबालिका खोजतलास सेवा १०४ का साथै बालबालिकासँग सम्बन्धित संघ संस्था वा निकायसँग समन्वय गर्ने गराउने,

८. वडा तथा नगरपालिका, बालबालिकासँग सम्बन्धित सरोकारका निकायसँग कार्यक्रमको माग गर्ने र कार्यान्वयन गर्ने गराउने,

९. बालक्लबको उदेश्य पुरा गर्न प्रमुख दायित्व निर्वाह गर्ने ।

ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकार:

१. अध्यक्षको अनुपस्थितमा कार्यबाहक अध्यक्ष भई कार्य गर्ने ।

२. तोकेको अन्य कार्य गर्ने ।

ग. सचिवको काम, कर्तव्य र अधिकार:

१. बाल क्लबको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने,

२. बाल क्लबसँग सम्बन्धित सम्पूर्ण अभिलेख राख्ने र अध्यावधिक गर्ने,

३. बाल क्लवको चल/अचल तथा जिन्सी सम्पतिको लगत सुरक्षित राख्ने,

४. अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने बैठकको प्रस्तावहरु तयार गरी अग्रिम जानकारी गराउने निर्णय लेख्ने र प्रमाणित गर्ने,

५. बाल क्लबको प्रशासकीय कार्य गर्ने,

६. तोकिएका अन्य कार्य गर्ने ।

ङ. सह-सचिवको काम कर्तव्य र अधिकार

प्रमुख प्रशासकीय अधिकृत

१. सचिवको अनुपस्थितिमा सचिवको जिम्मेवारी लिई कार्य गर्ने ,

२. तोकिएको अन्य कार्य गर्ने ।

च. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

क. बाल क्लबको सम्पूर्ण नगदी, जिन्सीहरुको जिम्मेवारी लिने र त्यस सम्बन्धी श्रेस्ताहरुको अभिलेखीकरण गरी अध्यावधिक गर्ने,

ख. बाल क्लवको आय/व्यय विवरण कार्य समिति र साधारण सभामा पेश गर्ने ,

ग. आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्रमा सम्पर्क शिक्षकबाट लेखा परीक्षण गराउने ।

च. सदस्यहरुको काम, कर्तव्य र अधिकार :

१. बैठकमा सक्रिय सहभागी भई आफ्नो मत पेश गर्ने,

२. बाल क्लबको उद्देश्य पुरा गर्न रचनात्मक भुमिका निर्वाह गर्ने,

३. तोकिएको अन्य कार्य गर्ने ।

१५. बैठक सम्बन्धी व्यवस्था :

(१) बाल क्लबको बैठक महिनाको एक पटक नियमित र आवश्यकता अनुसार बस्न सक्नेछ ।

(२) बैठकको गणपूरक संख्या एकाउन्न प्रतिशतको उपस्थितिलाई मानिनेछ ।

१६. निर्णय : बाल क्लबको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद -७

## विविध

१७. कार्य समितिका सदस्य छुनौट प्रक्रिया : विधानमा व्यवस्था भए बमोजिम कार्य समितिको चयन सकेसम्म सर्वसम्मतिका आधारमा गरिनेछ। सर्वसम्मति हुन नसकेको खण्डमा कार्य समितिका सदस्य छनौटका लागि साधारण सभाले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अवलम्बन गर्न सक्नेछ। कार्य समिति छनौटका लागि आवश्यकता अनुसार साधारण सभाले संरक्षक एवं सल्लाहकारको सुझाव लिनेछ।

१८. दर्ता नविकरण र खारेजी :

(१) बाल क्लवको दर्ता, नविकरण र खारेजी नगरपालिकाको कानून बमोजिम हुनेछ।

१९. आर्थिक कारोबार गर्न नपाउने : (१) बाल क्लबले कुनै किसिमको आर्थिक कारोबार चन्दा र लेनदेन सम्बन्धी व्यवहार गर्न पाउने छैन। बाल क्लवलाई व्यवस्थित र परिचालन गर्नको लागि सम्बन्धित विद्यालय/वडा/नगरपालिका र सरोकारका निकायबाट नै आर्थिक कारोबारको व्यवस्था गर्नुपर्नेछ।

२०. बाल क्लब बाल अधिकारको संरक्षण प्रवर्द्धनका अभियानमा साथ सहयोग तथा सरोकारका विषयमा सामुहिक रूपमा प्रस्तुत हुन वडा/नगर वाल क्लब सञ्जालमा आवद्ध हुन सक्नेछ।

२१. प्रतिवेदन: वार्षिक साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन वडा बाल अधिकार समितिमा र आवश्यकता अनुसार अन्य निकायमा पेश गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-५

दफा १३ को उपदफा (२) सँग सम्बन्धित

**बाल क्लब दर्ताको लागि दिईने निवेदनको नमूना**

मितिः

श्री ...............

विषयः बाल क्लब/सञ्जाल दर्ता/सूचीकृत सम्वन्धमा।

प्रस्तुत विषयमा त्रियुगा नगरपालिकाको वडा नं. .....को ...................टोल/विद्यालयमा ..........नामक बाल क्लव/सञ्जालगठन भएकोले दर्ता/सूचीकृत हुनको लागि आवश्यक कागजातहरू यसैसाथ संलग्न राखि अनुरोध छ।

संलग्न

१.

२.

...

प्रमुख प्रशासकीय अधिकृत

निवेदक

..........

..........बाल क्लव

अनुसूची-६

दफा १३ को उपदफा (३) सँग सम्बन्धित

## बाल क्लब दर्ता प्रमाणपत्रको नमूना

**सूचीकृत/आवद्धता प्रमाणपत्र**
**आवद्धता नं.-**

मिति:-.................................

श्री............................संस्था/सञ्जाल/बालक्लब ठेगाना ...................................

उदयपुर जिल्ला त्रियुगा नगरपालिका वडा नं. .. को ...................... विद्यालय/समुदाय/बालगृह/बालसुधार गृहमा गठन ................. संस्था/बालक्लब/सञ्जाललाई यस त्रियुगा नगरपालिकामा आवद्धता गरी बाल अधिकार संरक्षण तथा संवर्द्धन कार्यविधि, २०७९ को परिच्छेद ......... दफा ......... ले व्यवस्था गरे अनुसार आवद्धताको प्रमाणपत्र प्रदान गरिएको छ।

बाल अधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ लगायत बालबालिका सम्बन्धी विद्यमान कानूनहरुको अधिनमा रही यस नगरपालिकाको बालमैत्री अभियानमा यहाँहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछौँ।

प्रमाणित गर्ने

नामः

पदः

दस्तखतः

## प्रमाणपत्रको पछिल्लो भाग

| मिति | नविकरण अवधि | दस्तखत र छाप |
|---|---|---|
| | | |
| | | |

CS CamScanner